आज मिति २०७९ साल फागुण १५ गते का दिन बिहान ११.३० बजे यस मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | अनुपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदास प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | अनुपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | सरोज परियार | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | उजला थापा श्रेष्ठ | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | शर्मिला विश्वकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | तुईल माया चक्रधर | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | सिता विश्वकर्मा | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | सरस्वती खड्का | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | बालकृष्ण परियार | अनुपस्थिति |
| २० | सदस्य–सचिव | श्री विजयराज सुवेदी | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थिति |
| | महाशाखा प्रमुख | सत्य नारायण साह | अनुपस्थिति |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय न १ :

मिति २०७९/११/१४ गते यस नगरपालिकाका नगर उपप्रमुख विजय कृष्ण श्रेष्ठज्यूलाई वार्ड न ४ र ५ मा बालकुमारी देखी हात्तिमहाकाल बाटोमा बाक्लो ढुङ्गा बिछयाउने कार्यको शुभारम्भ गर्ने कार्यक्रममा नगरप्रमुखको समुपास्थितिमा यस नगरपालिका वडा नं. ५ बस्ने अन्दाजी बर्ष ३३ को सुमन जोशी लगायतका समूहले हुल हुज्जत गरि कुटपिट गरेको बिषयमा कार्यपालिका बैठकमा छलफल भयो । उक्त सार्वजनिक कार्यमा संलग्न सार्वजनिक पदाधिकारीलाई हातपात गर्ने कार्यलाई गम्भिरतापुर्बक लिर्दै यस्तो कार्यलाई आपराधिक कार्यको रुपमा लिदैं घोर भत्सना गर्दै नगरपालिकाको तर्फबाट प्रेश बिज्ञप्ती जारी गर्ने र सो कार्यमा संलग्न ब्यक्तिहरुलाई तत्काल कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा मिति : २०७९।११।१४ मा लेखी पठाएको पत्रलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय न २ :

यस नगरपालिकाको मिति २०७९ माघ ८ गते सातौ नगरसभाबाट पारित भौतिक पूर्वाधार विकास तथा निर्माण सम्बन्धी विनियमावली (मापदण्ड) २०५७ (दोस्रो संशोधन २०७९) को विनियम ५६ बमोजिम घरनक्शा पास नियमित ,घर नक्शा अभिलेखिकरण लागि ६० दिने सार्बजनिक सुचना जारी गर्ने निर्णय गरियो ।

निर्णय न ३ :

यस नगरपालिका क्षेत्रभित्र विभिन्न सघ सस्था वा निकायबाट कतिपय कार्यक्रम संचालन गर्दा नगरपालिकाको अनुमति नलिई गर्दा सवारी ब्यबस्थापन,शान्ति सुरक्षा तथा फोहोरमैला ब्यबस्थापन जस्ता क्षेत्रमा समस्या आएको तथा नगरपालिकाको राजस्वमा समेत प्रभाब परेकोले त्यस्ता कार्यक्रम संचालन गर्दा नपाको पुर्ब स्विकृत लिएर मात्र  गर्न / गराउन हुन सार्वजनिक सूचना जारी गर्ने साथै त्यस्ता कार्यमा सहयोग गर्न जिल्ला प्रशासन भक्तपुर , महानगरिय परीसर कार्यालय भक्तपुरलाई लेखी पढाउने ब्यबस्था नगर प्रमुखले गर्ने निर्णय गरियो ।

निर्णय न ४ : यस नगरपालिका बाट सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा नगररपालिकाको आन्तरिक स्रोतबाट प्रोफर्मा ईन्भ्वाइस नं. GE÷NEPAL÷23÷12÷2021-001 बाट Revolution EVO मोडल नं को १२८ Slice CT Scan खरिद गर्ने सम्बन्धमा सार्वजनिक सूचनाको माध्यमबाट छनौट भएका आपूर्तिकर्ता श्री Maxmeditech System Pvt.Ltd नयाँ बानेश्वरले नगरपालिकाको सिफारिशमा L/C खोली सामान आपूर्तिको प्रक्रिया अगाडी बढीसकेको सन्दर्भमा उक्त CT Scan का लागि लाग्ने भन्सार छूट उपलब्ध गराइ दिन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत  श्री अर्थ मन्त्रालयलाई सिफारिश गरी दिन सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो । ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner